आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :१०

आज मिति २०८२/११/२७ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोखेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८२/११/२७)

| सि. नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | खरिद प्रक्रियामा छनौट भई तोकिएको समयभित्र सम्झौता गर्न नआउने आपूर्तीकर्तालाई कालोसूचीमा राख्नका लागि सिफारिस गर्ने सम्बन्धमा। (युनिभर्सल पावर टुल्स एण्ड सप्लायर्स, रामपुर ५ पाल्पा... कृषि औजार खरिद) | खरिद ईकाइ | भएको |
| २. | योजना माग तथा सिफारिस सम्बन्धमा। | कृषि शाखा | भएको |
| ३. | कार्यबाहाक वडाअध्यक्षको जिम्मेवारी सम्बन्धमा। | गाउँपालिका कार्यालय | भएको |
| ४. | शोक प्रस्ताव सम्बन्धमा। | गाउँपालिका कार्यालय | भएको |

मिति :२०८२/११/२७

निर्णय नं. १

बिरुवा गाउँपालिका अन्तर्गतका कृषकहरुलाई प्रबिधिमैत्री बनाउदै कृषिजन्य उत्पादनहरुमा थप टेवा पुगोस् भन्ने हेतुका साथ कृषिजन्य उपकरणहरु उपलब्ध गराउने लक्ष्य गाउँपालिकाले तय गरी विद्युतीय खरिद प्रक्रिया (e-bid) मार्फत मिति २०८२/०९/२३ गतेको नेपाल समाचारपत्र, राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक Contract ID No: NCB/BRM/GOODS/002/2082-83, Supply and Delivery of Agricultural Tools and Equipment सूचना प्रकाशन गरेकोमा तोकिएको समय सिमा भित्र कुल २ (दुई) वटा मात्र बोलपत्रदाताहरु क्रमशः All Tech Pvt. Ltd, Pokhara-17, Kaski र Universal Power Tools and Suppliers, Rampur-5, Palpa ले यस कार्यालयमा आफ्नो प्रस्ताब पेश गरेको साथै निजहरुले पेश गरेको कागजातहरुलाई सार्बजनिक खरिद ऐन,२०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ र Bid Document मा उल्लेखित प्राबधानहरुको अधिनमा रही यसै गाउँपालिकाको बोलपत्र मुल्यांकन समितिद्वारा मुल्यांकन गर्दा एक मात्र सारभूतरुपमा प्रभावग्राही रही कम मूल्य अंकित गर्ने बोलपत्रदाता श्री Universal Power Tools and Suppliers, Rampur-5, Palpa को रकम रु. २२,५१,५६०।०० (अक्षरुपी बाईस लाख एकाउन्न हजार पाँच सय साठी रुपैया मात्र) बराबरको बोलपत्र स्वीकृत भएको साथै मिति २०८२/१०/१५ गतेको नेपाल समाचारपत्र, राष्ट्रिय दैनिक पत्रिकामा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२)र दफा ४७ बमोजिम बोलपत्र स्वीकृत प्रयोजनार्थ प्रकाशित सूचना बमोजिम यस कार्यालयमा कुनै किसिमको दाबी बिरोधको निबेदन पेश हुन नआएकाले मिति २०८२/१०/२९ को पत्र मार्फत बोलपत्रदाता श्री Universal Power Tools and Suppliers, Rampur-5, Palpa लाई १५ दिनको म्याद प्रदान गरी सम्झौतको लागि पत्राचार गरिएकोमा निज बोलपत्रदाता तोकिएको समय सिमा भित्र सम्ममा पनि बोलपत्र सम्झौता गर्न उपस्थित नरहेकाले सार्बजनिक खरिद ऐन,२०६३ को दफा ६३ (ख) बमोजिम निजलाई कालोसूचीमा राख्न सार्बजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउने भनी यसै गाउँपालिकाको बोलपत्र मुल्यांकन समितिद्वारा सिफारिस भई आएकोले निज श्री Universal Power Tools and Suppliers, Rampur-5, Palpa लाई नियमानुसार कालोसूचीमा राख्न सार्बजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस सहित लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. २

बिरुवा गाउँपालिकाका तपसिलका योजना तथा कार्यक्रमहरुलाई आगामी आर्थिक २०८३/८४ को संघीय शर्शत अनुदानमा समावेश गरिदिनको लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रस्तावना सहित सिफारिस तथा माग गरी पठाउने निर्णय गरियो ।

तपसिल

१. स्थानीय उत्पादनको बजारीकरण कार्यक्रम

२. व्यवसायिक तरकारी उत्पादन कार्यक्रम

३. रैथाने बाली प्रवर्द्धन कार्यक्रम

<u>निर्णय नं. ३</u>

बिरुवा गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष नविन कुमार आलेको मिति २०८२/११/२७ गते असामयिक निधन भएकोले उक्त वडाको नियमित कामकारवाहीलाई अगाडी बढाउनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) बमोजिम वडा सदस्य श्री दाम बहादुर राना मगरलाई कार्यबहाक वडा अध्यक्षको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ४</u>

बिरुवा गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष नविन कुमार आलेको मिति २०८२/११/२७ गते अल्पायुमै भएको असामयिक निधन प्रति गाउँकार्यपालिकाको तर्फबाट दुःख प्रकट गर्दै श्रद्धान्जली अर्पण गरियो र शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै गाउँकार्यपालिकाको तर्फबाट शोक प्रस्ताव पारित गरियो। साथै निजको निधनप्रति शोक प्रकट गर्दै मिति २०८२/११/२८ गते गाउँपालिका कार्यालय अन्तर्गतका कार्यालयहरुमा शोक विदा दिने निर्णय गरियो।